तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
M/s Taragaon Regency Hotels Ltd.

बौद्ध, काठमाडौं, नेपाल, फोनः ५१७१२३४, ४२१७१२३, फ्याक्सः ५१७८३३३

HYATT REGENCY

२९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२८

श्री आदारणीय शेयरधनी महानुभावहरु,

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८२ मंसिर २२ गते (तदानुसार ८ डिसेम्बर, २०२५) सोमबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २९ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयं वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थानः

मिति : २०८२ पौष २३ गते (तदानुसार ७ जनवरी, २०२६) ।
समय : बिहान ११:०० बजे ।
स्थान : नेपाल आर्मी अफिसर्स कल्ब, जङ्गिअड्डा-भद्रकाली काठमाण्डौं ।

२. छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः

क) सामान्य प्रस्ताव

(१) आर्थिक वर्ष २०८१।०८२ (२०२४।२०२५) को सञ्चालक समितिको २९ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०८१।०८२ (२०२४।२०२५) को वित्तिय विवरणहरु- वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।
(३) आ.व. २०८२।०८३ (२०२५।२०२६) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) कम्पनीको मिति २०८२।०८।२२ (तदानुसार ८ डिसेम्बर, २०२५) गते बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ५ % नगद लाभांश (कर बाहेक) प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
(५) मिति २०८२।०२।१४ को संचालन समितिको सिफारिस बमोजिम प्रबन्ध संचालन र कार्यकारि निर्देशकको नियुक्ति अनुमोदन गर्ने ।

ख) विशेष प्रश्ताव

१) प्रबन्धपत्र र नियमावली संशोधन गर्ने ।

ग) विविध

सञ्चालक समितिको आज्ञाले
गीता दाहाल
कम्पनी सचिव

पुनश्चः सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान हिसाब, साधारण सभा सम्बन्धी जानकारी, प्रोक्सी फाराम र प्रवेश पत्र यस कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौमा वा शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड, चौंथो तल्ला, ट्रेड टावर थापाथली, काठमाडौंमा आई निरिक्षण गर्न वा प्राप्त गर्न सकिनेछ । वार्षिक प्रतिवेदन, साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको website: www.taragaon.com बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित सबै शेयरधनीहरुमा अनुरोध छ ।

२९ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी :

(१) कम्पनीको २९ औं वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र पूर्ण रुपमा भरेर वा आफ्नो कुनै सक्कल आधिकारीक परिचय खुल्ने प्रमाण सहित वा शेयर प्रमाण पत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनी महानुभावहरुको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ । प्रतिनिधी नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा सस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ ।
(२) सभामा भाग लिन आउनु हुने सबै शेयरधनी महानुभावहरु वा निजका प्रतिनिधीहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । उक्त हाजिरी पुस्तिका बिहान १०: ०० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाका लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारवाही अगाडी बढाइनेछ ।
(३) नाबालक वा अशक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।
(४) सभामा भाग लिनको निमित्त प्रतिनिधि नियुक्त गर्नको लागि शेयरधनी महानुभावहरुले कम्पनीको कायम अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधि नियुक्त फारम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंमा दर्ता गरी सक्नु पर्नेछ । नाबालक तथा अशक्त शेयरधनीको प्रतिनिधिको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधि तोक्न सक्ने छ । प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरु आफैं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।
(५) संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र सभामा भाग लिन सक्नेछ । तर प्रतिनिधि कायम गर्नुपर्ने अवस्थामा दुबै जनाको सर्व-सम्मतबाट कम्पनीमा कायम अर्को शेयरधनीलाई सहीछाप गरी नियुक्त गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन पाउनेछन् ।
(६) प्रतिनिधि नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखत सँग दुरुस्तै मिल्नु पर्नेछ ।
(७) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले वा प्रबन्ध सञ्चालक वा प्रबन्ध सञ्चालकले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।
(८) शेयरधनी महानुभावहरुलाई छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ दिन अगावै २०८२।०९।१६ गते (तदानुसार ३१ डिसेम्बर, २०२५) बुधबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी सञ्चालकज्यूका नाममा लिखित जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
(९) सभाको सुरक्षालाई मध्यनजर गर्दै सभामा उपस्थित हुनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई झोला (ब्याग) आदि नल्याउनु हुन अनुरोध गरिन्छ । साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक ठानेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनु हुनको निमित्त समस्त शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।
(१०) मिति २०८२।०९।०७ गते देखि २०८१।०९।१८ गते (तदानुसार २२ डिसेम्बर, २०२५ देखि २ जनवरी, २०२६) सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२।०९।०६ गते (तदानुसार २१ डिसेम्बर, २०२५) सम्म नियमानुसार कारोबार भई प्रचलित कानून बमोजिम शेयर नामसारी भई कायम शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।
(११) शेयरधनी महानुभावहरुलाई कम्पनीको २९ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।
(१२) कम्पनीको वार्षिक साधारणसभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, वित्तिय विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाइनेछ । कारणवश कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ । २९ औं वार्षिक साधारण सभाको सूचना सहितको २०८१।०८२ को वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.taragaon.com मा समेत हेर्न सक्नुहुनेछ ।
(१३) वार्षिक साधारण सभामा मन्तव्य राख्नका निमित्त प्रति वक्ता ३ मिनेट मात्र समय उपलब्ध हुनेछ । विशेष समय लाग्ने भएमा मन्तव्य नदिई आफ्नो विचारको लिखित प्रति कम्पनी सचिवलाई उपलब्ध गराउन सकिनेछ ।

प्रोक्सी फारम

श्री सञ्चालक समिति,
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
का.म.न.पा. ६, बौद्ध, काठमाण्डौ ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महोदय,

.........................जिल्ला.......................महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. .... बस्ने म/हामी............................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८२ पौष २३ गते (तदानुसार ७ जनवरी, २०२६) बुधबारका दिन हुने २९ औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएको ले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि .... जिल्ला .... महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. .... बस्ने श्री .... शेयर प्रमाण पत्र नं./हितग्राही खाता नं. .... लाई मेरा/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः
दस्तखत नमुनाः
नामः

निवेदकको दस्तखतः

हितग्राही खाता नं.	DP ID								Beneficial Owner ID								

शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:
ठेगानाः
शेयरधनी परिचय नं.
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
मितिः

***द्रष्टव्यः** (१) यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।*

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
(२९ औं वार्षिक साधारण सभामा)
प्रवेश पत्र

हितग्राही खाता (BOID) नं.:
शेयर प्रमाण पत्र नं.
शेयर संख्याः
शेयरधनीको नामः..................................
शेयरधनीको हस्ताक्षर (सही):.....................

द्रष्टव्यः

१) तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०८२ पौष २३ गते (तदानुसार ७ जनवरी, २०२६) बुधबारका दिन हुने २९ औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।
२) शेयरधनी महानुभावहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
३) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

(कम्पनी सचिव)

२०८२ आषाढ ३२ (१६ जूलाई २०२५) गतेको वित्तिय स्थिति विवरण

(रकम रुपैयांमा)

विवरण	२०८२ आषाढ ३२ (१६ जुलाई २०२५)	२०८१ आषाढ ३१ (१५ जुलाई २०२४)
सम्पत्ति		
गैर चालू सम्पत्ति		
सम्पत्ति, मेशिन तथा यन्त्र उपकरण	१,७५५,९४९,४६१	१,७५७,४५३,९५८
प्रयोग गर्ने अधिकार भएको सम्पत्ति (Right to Use Assets)	३५,९१७,४२९	३७,९११,६२८
पूंजीगत कार्य प्रगति (Capital Work in Progress)	९६,९२७,४५४	१३,९९२,१८८
अन्य अमुर्त सम्पत्ति	५,४५१,०३१	५७१,३३४
जम्मा गैर चालु सम्पत्ति	१,८९४,२४५,३७५	१,८०९,९२९,१०८
चालु सम्पत्तिः		
जिन्सी मौज्दात	२१,९९०,१११	२०,७६५,६१६
वित्तिय सम्पत्ति		
व्यापारिक तथा अन्य प्राप्य रकम	५३,०७२,२२६	७५,४१०,०२६
नगद र नगद सरह	३१५,१८६,००२	९६७,०८०,०७२
अन्य वित्तिय सम्पत्ति	१,७६६,६००	३,३८५,५९१
परिशोधित लागतमा वित्तिय सम्पत्ति	२,००७,२३८,३८३	१,०८१,९८०,३४८
अन्य चालु सम्पत्ति	१६१,४४१,०४२	१५८,६४३,६३३
आयकर सम्पत्ति	२१,६५०,९१७	६,८९३,७४२
जम्मा चालु सम्पत्तिः	२,५८२,३४५,२८१	२,३१४,१५९,०२८
जम्मा सम्पत्ति	४,४७६,५९०,६५६	४,१२४,०८८,१३६
पूंजी तथा दायित्व		
पूंजी		
शेयर पूंजी	१,९६२,१२०,१६०	१,९६२,१२०,१६०
संचित मुनाफा तथा जगेडा	१,१७६,०८७,७२४	९२१,४४५,१४२
जम्मा पूंजी	३,१३८,२०७,८८४	२,८८३,५६५,३०२
दायित्वः		
गैर चालु दायित्वः		
वित्तिय दायित्व		
अन्य वित्तिय दायित्वहरु	४५,१८७,१०९	४५,०३९,०७३
दीर्घकालिन व्यवस्थाहरु	४९,४४४,१५९	४९,२५६,०८१
अन्य गैर चालु दायित्वहरु	२०,०००,०००	२०,०००,०००
स्थगन कर दायित्व (खुद)	६८,०६७,४४५	८५,८६९,००८
जम्मा गैर चालु दायित्व	१८२,६९८,७१३	२००,१६४,१६२
चालु दायित्वः		
वित्तिय दायित्व		
व्यापारिक तथा अन्य दायित्वहरु	३७७,७७१,७८६	३७१,२१५,१४३
अल्पकालिन व्यवस्थाहरु	९१,४३२,८००	९९,२८५,९४४
अन्य वित्तिय दायित्वहरु	६२१,७२४,७६५	५०१,८१६,३७७
अन्य चालु दायित्वहरु	६४,७५४,७०८	६८,०४१,२०८
आयकर दायित्व		
जम्मा चालु दायित्वः	१,१५५,६८४,०५९	१,०४०,३५८,६७२
जम्मा दायित्वः	१,३३८,३८२,७७२	१,२४०,५२२,८३४
जम्मा पूंजी तथा दायित्व	४,४७६,५९०,६५६	४,१२४,०८८,१३६

२०८२ आषाढ ३२ (१६ जूलाई २०२५) मा समाप्त भएको बर्षको नाफा तथा नोक्सान विवरण

(रकम रुपैयांमा)

विवरण	२०८२ आषाढ ३२ (१६ जुलाई २०२५)	२०८१ आषाढ ३१ (१५ जुलाई २०२४)
संचालनबाट आम्दानी	१,५२१,६४९,४८८	१,४९५,०८१,५१४
अन्य आम्दानी	१९३,८९९,४०५	२४६,४००,४१२
जम्मा आम्दानी	१,७१५,५४८,८९३	१,७४१,४८१,९२६
खर्चः		
संचालन खर्च	४४५,४६९,९२९	४४४,३७८,१७३
कर्मचारी खर्च	३८९,३७०,५९५	४०१,८०५,७१२
प्रशासनिक खर्च	९५,५२१,१४८	७१,७८४,८७३
विक्रि तथा प्रवर्द्धन खर्च	७१,४६३,७५६	६०,५७८,९०४
जम्मा खर्च	१,००१,८२५,४२८	९७८,५४७,६६२
ह्रास कट्टि, अपलेखन र आयकर अघिको नाफा	७१३,७२३,४६५	७६२,९३४,२६४
ह्रास कट्टि र अपलेखन खर्च	९८,६१७,६१७	७७,६७८,६७४
वित्तिय खर्च	२२,०२०,०९२	१८,४१०,६८०
आयकर अघिको नाफा/(नोक्सान)	५९३,०८५,७५६	६६६,८४४,९१०
कर खर्च		
यस वर्षको कर खर्च	१२९,०५१,९२४	१४१,१७७,४४४
स्थगन कर आम्दानी/(खर्च)	(१७,८०१,५६३)	६५०,४१६
यस अवधिको नाफा/(नोक्सान)	४८१,८३५,३९५	५२५,०१७,०५०
प्रति शेयर आम्दानी	२५	२७

२०८२ आषाढ ३२ (१६ जूलाई २०२५) मा समाप्त भएको नगद प्रवाह विवरण

(रकम रुपैयांमा)

विवरण	२०८२ आषाढ ३२ (१६ जुलाई २०२५)	२०८१ आषाढ ३१ (१५ जुलाई २०२४)
क. सञ्चालन गतिविधिबाट नगद प्रवाहः		
आयकर पछिको खुद नाफा	४८१,८३५,३९५	५२५,०१७,०५०
गैर नगद समायोजनः		
ह्रास कट्टि	९८,६१७,६१७	७७,६७८,६७४
स्थिर सम्पत्तिको बिक्रीमा नाफा	(१,०३९,८२१)	(२,२००,०००)
स्थगन कर	(१७,८०१,५६३)	६५०,४१६
कार्यशील पूंजी परिवर्तन अघिको सञ्चालन मुनाफा	५६१,६११,६२८	६०१,१४६,१४०
कार्यशील पूंजीमा परिवर्तन		
चालु सम्पत्तिमा कमी/(वृद्धि):		
जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि)	(१,२२४,४९५)	(९६७,९४७)
व्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि)	१९,५४०,३९१	(२,५५०,५९८)
अन्य सम्पत्तिमा भएको कमी/(वृद्धि)	(१३,१३८,१८५)	(६,८२०,५४२)
गैर चालु दायित्वमा वृद्धि/(कमी):		
अन्य वित्तिय दायित्वमा भएको वृद्धि/(कमी)	१४८,०३६	२७३,२५१
व्यवस्थामा भएको वृद्धि/(कमी)	१८८,०७८	१,४२८,७६१
चालु दायित्वमा वृद्धि/(कमी)		
व्यापारिक तथा अन्य दायित्वमा भएको वृद्धि/(कमी)	६,५५६,६४३	६९,३४२,४३१
अन्य चालु दायित्वमा भएको वृद्धि/(कमी)	३,२८६,५००	१०,६७०,१८६
अन्य वित्तिय दायित्व तथा व्यवस्थामा भएको वृद्धि/(कमी)	३१,७२३,४२२	६,७३४,९६९
सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)	६०२,११९,०१८	६७९,२५६,६५१
ख. लगानी गतिविधिबाट नगद प्रवाहः		
स्थिर सम्पत्ति खरिद	१८२,९३३,८८५	(१२९,९२२,५८९)
स्थिर सम्पत्ति बिक्री	१,०३९,८२३	२,३७६,१६५
मुद्दति निक्षेपमा लगानी	९२५,२५८,०३५	(२८३,३६९,९००)
लगानी गतिविधिमा प्रयोग भएको खुद नगद (ख)	(१,१०७,१५२,०९७)	(४१०,९१६,३२४)
ग. वित्तिय गतिविधिबाट नगद प्रवाहः		
लाभांशको भुक्तानी	(१४६,८६०,९९१)	(१४०,९१३,६५०)
वित्तिय गतिविधिबाट खुद नगद प्रवाह(ग)	(१४६,८६०,९९१)	(१४०,९१३,६५०)
नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग)	(६५१,८९४,०७०)	१२७,४२६,६७७
बर्षारम्भमा नगद र नगद सरह	९६७,०८०,०७२	८३९,६५३,३९५
बर्षान्तमा नगद र नगद सरह	३१५,१८६,००२	९६७,०८०,०७२
नगद मौज्दात	२,०५५,०१८	५,२७२,७२४
मुद्धती बचत (३ महिना भित्र परिपक्वता हुने)	१२०,०००,०००	८०१,५९५,०३५
बैंक मौज्दात	१९३,१३०,९८४	१६०,२१२,३१३